# प्रेस विज्ञप्ति

## एशियन हाइड्रोपावर लिमिटेडले आयोजना प्रभावित क्षेत्र तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि आईपीओ निष्काशन गर्ने ।

मितिः २०७९/०८/१८,

यस एशियन हाइड्रोपावर लिमिटेडले आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि मिति २०७९ मंसिर २७ गते देखि साधारण शेयर (आईपीओ) सार्वजनिक निष्काशन गर्ने भएको छ ।

कम्पनीले आफ्नो जारी पूँजी रु. ३४,००,००,०००/- (चौंतीस करोड) मध्ये १० प्रतिशत अर्थात ३,४०,००,०००/- (तीन करोड चालिस लाख) बराबरको प्रतिशेयर रु. १००/- दरको ३,४०,०००/- (तीन लाख चालिस हजार) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गर्न लागेको हो । जसमध्ये आयोजनाबाट अति प्रभावित क्षेत्र ईलाम नगरपालिका वडा नं १० (साविकको गोदाक गा.वि.स का १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु), माईजोगमाई गाउँपालिका वडा नं ३ र ४ (साविकको नाम्सालिङ्ग गा.वि.स का १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु तथा नयाँबजार गा.वि.स को वडा नं ५) तथा सूर्योदय नगरपालिका वडा नं ११ ( साविकको माघेसुन्तले र तिनघरे गा.वि.स का सम्पूर्ण वडाहरु तथा सूर्योदय गा.वि.स का वडा नं ३, ४ र ५) का स्थानीय वासिन्दाहरुका लागि १,३६,०००/- (एक लाख छत्तिस हजार) कित्ता शेयर छुट्याएको छ भने सो आयोजनाबाट अति प्रभावित क्षेत्रबाहेकका ईलाम जिल्लाको अन्य क्षेत्रहरुमा बसोबास गर्ने वासिन्दाहरुका लागि बाँकी २,०४,०००/- (दुई लाख चार हजार) कित्ता शेयर छुट्याएको छ ।

त्यसैगरी, सर्वसाधारणहरुका लागि निष्काशन हुने रु. ८,४०,००,०००/- (आठ करोड चालिस लाख) बराबरको ८,४०,०००/-(आठ लाख चालिस हजार) कित्ता साधारण शेयरमध्ये १० प्रतिशत अर्थात ८४,०००/- (चौरासी हजार) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुका लागि निष्काशन गर्न लागेको हो ।

उल्लेखित विवरणको शेयरका लागि न्यूनतम १० कित्तादेखि अधिकतम २० हजार कित्तासम्म आवेदन दिन सकिनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुका लागि निष्काशन बन्द छिटोमा पुस १२ गते हुनेछ भने ढिलोमा पुस २७ गते हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले भने पुस १२ गतेभित्र आवेदन दिई सक्नुपर्नेछ ।

स्थानीय बासिन्दाले एनएमबि बैंक लिमिटेड (ईलाम शाखा, ईलाम), सिभिल बैंक लिमिटेड (माई जोगमाई शाखा, ईलाम), प्राइम कमर्सियल बैंक (बिब्लयाँटे शाखा, ईलाम) र ग्लोबल आइएमई बैंक लिमिटेड सूर्योदय शाखा, फिक्कल, ईलाम) तथा नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

त्यसैगरी, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था र तीनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको मेरो शेयर अनलाइन प्रयोग गरी (C-ASBA) प्रणालीमार्फत आवेदन दिन सक्नेछन् ।

कम्पनीद्वारा इलाम जिल्लामा निर्माण सम्पन्न भएको ६.२ मे.वा क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाले मिति २०७८ कार्तिक १५ गतेदेखि व्यापारिक उत्पादन समेत आरम्भ गरिसकेको छ ।

कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल लिमिटेड रहेको छ ।

एशियन हाइड्रोपावर उर्जा डेभलपर्स प्रा.लि को सम्बद्ध संस्था हो । उर्जा डेभलपर्स र यससँग सम्बन्धित कम्पनीहरुले सन् २०३० सम्ममा कुल १००० मेगावाट क्षमताका विद्युत आयोजनाहरु विकास गर्ने लक्ष्य लिएको छ ।